## सुनकोशी गाँउपालिका

# स्थानीय राजपत्र

## सुनकोशी गाउँपालिका, रामटार सिन्धुलीद्वारा प्रकाशित

**खण्ड ३, संख्या ४**

**आषाढ ११ गते २०७६ साल**


# भाग १

नेपालको संविधानको धारा २२६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (२) को अधिकार बमोजिम सुनकोशी गाउँपालिकाद्धारा बनाईएको कार्यविधि, ऐनको १०२ (३) बमोजिम सर्वसाधारणको जानकारीको लागी प्रकाशन गरिएको छ।

## सुनकोशी गाउँपालिकाको ब्याक हो लोडर सञ्चालन सम्बन्धी कार्यविधि, २०७६

सुनकोशी गाउँपालिका क्षेत्रको समग्र भौतिक पूर्वाधार विकास गर्न यस कार्यालयको स्वामित्वमा रहेको ब्याकहो लोडर देहायका शर्त एवं बन्देजमा रही सञ्चालन तथा व्यवस्थापनका वाञ्छनीय भएकोले नेपालको संविधान बमोजिमको कार्य गर्ने गरि स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरि सुनकोशी गाउँपालिकाको २०७६ आषाढ १० को गाउँसभाले यो कार्यविधि स्विकृत गरी लागु गरिएको छ।

गाउँ सभाबाट स्विकृत मिति : २०७६/०३/१०

प्रमाणीकरण मिति : २०७६/०३/११

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यो कार्यविधिको नाम "सुनकोशी गाउँपालिकाको ब्याकहो लोडर सञ्चालन सम्वन्धी कार्यविधि, २०७६" रहेको छ।

(ख) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुने छ।

**२. परिभाषाः**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा

(क) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७६ लाई सम्झनु पर्दछ।

(ख) "गाउँपालिका " भन्नाले सुनकोशी गाउँपालिका सम्झनु पर्दछ।

(ग) "कार्यालय" भन्नाले सुनकोशी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ।

(घ) "लोडर" भन्नाले गाउँ कार्यपालिकाको स्वामित्वमा रहेको ब्याकहो लोडरलाई सम्झनु पर्दछ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले सुनकोशी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

(च) "शाखा प्रमुख" भन्नाले गाउँपालिकाको योजना शाखाको प्रमुखलाई सम्झनु पर्दछ।

(छ) "संयोजक" भन्नाले गाउँपालिकाको पुर्वाधार विकास समितिको संयोजकलाई सम्झनु पर्दछ।

(ज) "जिन्सी शाखा" भन्नाले गाउँपालिकाको जिन्सी शाखालाई सम्झनु पदर्छ।

**३. उद्देश्य**

३.१ सुनकोशी गाउँ कार्यपालिकाको कार्यालयबाट सञ्चालन गरिने भौतिक विकासका योजनाहरू, स्थानियवासी र उपभोक्ता समितिबाट सञ्चालित विकास निर्माणका कार्यहरूमा गाउँपालिकाको स्वामित्वमा रहेको लोडरलाई प्राथमिकताका आधारमा प्रयोगमा ल्याउनको लागि आवश्यक व्यवस्थापन गर्नु कार्यविधिको प्रमुख उद्देश्य रहने छ।

**४. सञ्चालन विधि**

४.१ गाउँपालिकाको स्वामित्वमा रहेको लोडर सञ्चालनका लागि देहायको प्रक्रिया पुरा गर्नु पर्नेछः-

(क) लोडर माग गर्ने व्यक्ति वा संस्थाले कार्यालयले स्वीकृत गरेको अनुसूची-१ बमोजिमको ढाँचामा निवेदन पेश गर्नुपर्ने छ।

(ख) लोडर माग गर्ने व्यक्ति वा संस्थाको निवेदन उपर पूर्वाधार विकास समितिका संयोजकबाट मौखिक वा लिखित आदेश भएपश्चात् के कति समयका लागि माग गरिएको हो । सो को जानकारीको आधारमा कार्यालयवाट कति समयको लागी ब्याकहो लोडर आवश्यक परेको हो  तोकिएको दस्तुर राजश्व शाखामा वुझाई रसिद प्राप्त भए पछि वा गाउँपालिकावाट विनियोजन भएको योजना भए सोही योजनाको अन्तिम भुत्तानीवाट कट्टा गर्ने गरी अनुसूची-२ बमोजिमको ढांचामा लोडर प्रयोग गर्न स्वीकृति दिनेछ। यस्तो स्वीकृति पत्र दिने अधिकार योजना शाखा प्रमुख वा निजले तोकेको योजना शाखाको कर्मचारीको लिखित आदेश अनुसार हुनेछ।

(ग) लोडर माग गर्ने व्यक्ति, संस्था वा उपभोक्ताले प्रयोग भएको समयको आधारमा लाग्ने शुल्क बुझाउने शर्तमा गाउँपालिकाको विकास निर्माणको कामलाई बाधा नपर्ने गरी पहिले  दर्ता भएको निवेदनलाई पहिलो प्राथमिकता दिई खटाईने छ। यसका अतिरिक्त कामको प्रकृतिलाई समेत मध्यनजर गरी लोडर खटाउने व्यवस्था संयोजकसंग आवश्यक समन्वय गरी शाखा प्रमुखले मिलाउने छ।

(घ) निवेदकले माग गरेको समयभन्दा बढी समयसम्म कामकाज गर्नु गराउनु पर्ने भएमा  लोडर अपरेटरले तत्काल पुर्वाधार विकास समितिको संयोजकलाई जानकारी गराई शाखा प्रमुखबाट थप कार्यादेश लिएर लोडर सञ्चालन गर्नु पर्ने छ।

(ङ) कार्यालयको लिखित आदेश बिना कुनै स्थान विशेषमा लोडर लगि काम गर्न गराउन पाउने छैन।

(च) लोडर प्रयोग गरे बापत प्रयोगकर्ताको योजनाबाट अन्तिम रकम भुक्तानी हूंदाको समयमा नियमानूसार लाग्ने कर बाहेक प्रतिघण्टा रु. १०००।- (एक हजार) ईन्धन विना यदी ईन्धन सहित भएमा रु १८०० (एक हजार आठ सय मात्र ) प्रति घन्टाको दरले  कार्यालयबाट कट्टी गरीनेछ वा सोही बमोजिमको शुल्क वुझाई कार्य गराउनु पर्दछ ।

(छ) मेशिन खटी गएको स्थानमा  काम सम्पन्न गरी कार्यालय फिर्ता भएपश्चात् मेशिन अपरेटरले कामको विवरणसहित मिटरको अद्यावधिक अभिलेख (लगबुक) शाखा प्रमुख समक्ष पेश गरी प्रमाणित गराई राख्नु पर्नेछ।

(ज) अभिलेख अद्यावधिकका लागि कार्यालयबाट आवश्यक फारामहरूको व्यवस्था गरिने छ।

(झ) कार्यालयबाट सोझै गरिने कामको समेत विवरण अद्यावधिक गरी लगत खडा गर्ने कर्तव्य शाखा प्रमुखको हुनेछ ।

**५. इन्धन तथा मर्मत सम्बन्धी व्यवस्था**

(क) मेसिन प्रयोग गर्दा आवश्यक पर्ने इन्धन प्रयोगकर्ता स्वयमूले व्यवस्था गर्नु पर्नेछ ।

(ख) लुब्रिकेन्टस र मर्मतसम्बन्धी सम्पूर्ण कार्यको विस्तृत विवरण कार्यालयको जिन्सी शाखाले अद्यावधिक गर्नुपर्ने छ ।

(ग) लोडर बिग्रिएमा सोको लिखित जानकारी लोडर अपरेटरले कार्यालयलाई गराउनु पर्नेछ । कार्यालयबाट लोडर मर्मत गर्नुपर्ने अवस्था देखिएमा मर्मत गर्नुपर्ने कार्यको विस्तृत विवरण सहित अनुसूची -३ बमोजिमको ढाँचामा प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत भए बमोजिम मर्मत गराउनु पर्नेछ ।

**६. कर्मचारी व्यवस्था**

(क) लोडर सञ्चालनका लागि आवश्यक पर्ने अपरेटर आवश्यक प्रक्रिया पुरा गरी सेवा करारमा लिन सकिनेछ ।

(ख) लोडर अपरेटरले शाखा प्रमुखले दिएको कार्यविवरण र निर्देशन विपरित काम गरी कार्यालयलाई हानी नोक्सानी हुन गएमा तत्काल एकतर्फी करार भङ्ग गरी क्षतिपूर्ति असुल उपर गर्नुपर्ने भए सो समेत गरिने छ ।

**७. लोडर सञ्चालन समिति**

लोडरलाई सञ्चालन तथा व्यवस्थापनको लागि तपसिल बमोजिमको एक समिति रहने छ :-

- संयोजक, पुर्वाधार विकास समिति -संयोजक १ जना
- कार्यपालिकाले आफु मध्येबाट छनौट गरेको दुई जना सदस्य -सदस्य २ जना
- प्रमुख, जिन्सी शाखा -सदस्य १ जना
- योजना शाखा प्रमुख ईन्जिनियर वा निजले तोकेको योजना शाखाको कर्मचारी -सदस्य-सचिव १ जना

**८. विविधः**

(क) लोडरको माईल मिटर लगायतका आधारभूत कार्य अद्यावधिक राख्ने दायित्व मेशिन अपरेटरको हुनेछ ।

(ख) लोडर कार्यालयको पूर्ण नियन्त्रणमा रहनेछ । शाखा प्रमुखले लोडर चुस्त दुरुस्त राखी सोको विवरण अध्यावधिक राख्न ध्यान दिनु पर्ने छ ।

(ग) पुर्वाधार विकास समतिको संयोजकसंग शाखा प्रमुखले आवश्यक समन्वय गरी लोडर खटाउने सम्बन्धमा निर्णय गर्नुपर्ने छ।

(घ) यस कार्यविधिलाई आवश्यकता अनुसार गाउँ कार्यपालिकाले संशोधन गर्न सक्नेछ।

ङ) कार्यविधि अनुसार भएको संन्चालन र यसको खर्च वारमा प्रत्येक चौमासिक रुपमा योजना शाखा प्रमुखले प्रमुख प्रशासकिय अधिकृत मार्फत विस्तृप्त विवरण कार्यपालिकामा पेश गर्नु पर्नेछ।

अनुसूची-१

**व्याकहो लोडर माग सम्बन्धी निवेदन**

(ब्याकहो लोडर संचालन सम्बन्धी कार्यविधि, २०७६ को दफा ४ क सँग सम्बन्धित)

श्रीमान संयोजक ज्यू ,
पूर्वाधार विकास समिति
सुनकोशी गाउँ कार्यपालिकाको कार्यालय
रामटार, सिन्धुली ।
विषय : व्याकहो लोडर उपलब्ध गराई पाउँ ।
महोदय,
यस कार्यालयको व्याकहो लोडर आवश्यक परेकोले देहायको विवरण भरी माग गरेको छु /छौँ । नियमानुसार लाग्ने शुल्क लिई ब्याकहो लोडर उपलब्ध गराई पाँउ ।

व्याकहो लोडर माग गर्नेले भर्ने

| व्याकहो लोडर माग गर्ने व्यक्ति/संस्था / उपभोक्ता समितिको नाम, ठेगाना | कामको विवरण | व्याकहो लोडर प्रयोग हुने स्थान | अनुमानित समय | कैफियत |
|---|---|---|---|---|
| | | | | |

.................................
माग गर्नेको दस्तखत

अनुसूची -२

**लोडर संचालन सम्बन्धी स्वीकृति पत्र**

(लोडर संचालन सम्बन्धी कार्यविधि, २०७६ को दफा ४ ख बमोजिम)

| लोडर माग कर्ताको नाम, ठेगाना | गा.पा. बाट खटिने स्थानसम्म लाग्ने अनुमानित समय | माग गरिएको दिन र समय | अनुमानित समयको शुल्क प्रति घण्टा रु १००० का दरले इन्धन वाहेक |
|---|---|---|---|
| | | | |

.................................

योजना शाखा प्रमुख

अनुसूची -३

(लोडर संचालन सम्बन्धी कार्यविधि, २०७६ को दफा ५ सँग सम्बन्धित)

श्रीमान प्रमुख प्रशासकीय अधिकृतज्यू,
सुनकोशी गाउँ कार्यपालिकाको कार्यालय
रामटार, सिन्धुली ।

मिति :

**विषय : व्याकहो लोडर मर्मत सम्बन्धमा ।**

महोदय,
यस सुनकोशी गाउँ कार्यपालिकाको .................... नं.को व्याकहो लोडरको तपशिल बमोजिमको पार्टस्मा खराबी आई सञ्चालनमा बाधा परेकोले चेकजाँच गराई मर्मतको व्यवस्था मिलाई दिनुहुन यो निवेदन गर्दछु । श्रीमान्को जो आदेश ।

| समस्या आएको सामान वा पार्टसको विवरण | परिमाण | सामान फेर्नुपर्ने वा मर्मत गर्नुपन | अनुमानित लागत रु. |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

इन्जिनियरले भर्ने :
उपरोक्त सामान फेर्नु पर्ने र मर्मत गर्नु पर्ने देखिएकाले सिफारिस गर्दछु ।

............................
मेशिन अपरेटरको दस्तखत

...............................
प्रमुख प्रशासकीय अधिकृत

आज्ञाले,
विकास सुन्दास
प्रमुख प्रशासकिय अधिकृत